नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-

चं. नं.:-

## प्रेस विज्ञप्ति

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मन्त्री माननीय वसन्तकुमार नेम्बाङ्गज्यूको उपस्थितिमा मन्त्रालयका सचिवज्यू, सहसचिवज्यूहरु लगायत सडक विभागका महानिर्देशक तथा अन्य पदाधिकारीहरु समेतको उपस्थितिमा मिति २०७८ असार २० गते बैठक बसी विगत केहि दिनदेखि परेको अविरल वर्षाको कारण देशभरी नै सडक-पुलहरुमा भएको क्षति, विशेष गरी निर्माण सम्पन्न भईसकेका र निर्माणाधीन पुलहरुमा भएको, सो क्षतिका कारणहरु बारे विश्लेषण गरी आगामी दिनहरुमा यस्ता क्षति न्यूनिकरण गर्न अपनाउनु पर्ने उपायहरु बारे अध्ययन तथा छानविन गरी देहायका विषयहरुमा २०७८ श्रावण ७ गते भित्र सिफारिस पेश गर्न साथै हालैको बर्षात र बाढीबाट क्षतिग्रस्त भएका प्रत्येक पुलहरुको विभागस्तरबाट एक महिनाभित्र प्रतिवेदन पेश गर्न सडक विभाग, पुल महाशाखाका उपमहानिर्देशक श्री दिपक श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरिएको छ।

### तपशिल

- क्षतिग्रस्त पुलहरु पुनः निर्माण गर्न अपनाउनु पर्ने सावधानीको विषय,
- अब निर्माण गर्नु पर्ने पुलहरुमा अपनाउने जगको प्रकार, सुपरस्ट्रक्चरको प्रकार बारेको विषय,
- पुल निर्माणमा गत विगतमा राम्रो कार्य सम्पादन भएका निर्माण व्यवसायीहरुले मात्र टेण्डर प्रक्रियामा समावेश हुन पाउने सम्बन्धमा बोलपत्र-पुस्तिकामा राख्नु पर्ने प्रवाधानहरु बारेको विषय,
- पुल निर्माणको Manual तयार गरी लागु गर्ने विषय,
- पुल निर्माणको सुपरिवेक्षणका लागि विभागीय प्राविधिक जनशक्तिको पर्याप्तताको विषय,
- पुल डिजाइन तथा निर्माणमा सडक विभाग र नीजि क्षेत्र (निर्माण व्यवसायी/परामर्शदाता) का इन्जिनियरहरुलाई तालिमको आवश्यकताको विषय,
- कार्यदलले उचित ठानेका अन्य विषय।

०७८/३/20